# उद्योग वाणिज्य सन्देश

मासिक

a newsletter of CHAMBER OF COMMERCE & INDUSTRY-CHITWAN

वर्ष २६, अंक १, माघ/फागुन २०७६ Feb./March. 2020


# ५३ औं वार्षिक साधारण सभा सम्पन्न

## समुद्घाटन समारोह




उद्योग वाणिज्य संघ-चितवनको ५३ औं वार्षिक साधारण सभा एवम् अधिवेशन पौष २८ र २९ गते सम्पन्न भएको छ । साधारण सभाको समुद्घाटन समारोह पौष २८ गतेका दिन सम्पन्न भएको हो । साधारण सभाको समुद्घाटन नेपाल सरकारका उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय लेखराज भट्टज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । साधारण सभालाई सम्बोधन गर्दै प्रमुख अतिथि लेखराज भट्टले आन्तरिक लगानीविना देशले आर्थिक समृद्धि प्राप्त गर्न नसक्ने बताउनुभएको थियो । देशका सबै भूभागको समानुपातिक विकासले मात्रै आर्थिक वृद्धि हुने भन्दै उहाँले बाह्य लगानीले मात्रै आर्थिक समृद्धि नहुने बताउनुभएको हो । कार्यक्रममा प्रमुख अतिथि भट्टले निजी क्षेत्रलाई सरकारको पूर्ण सहयोग हुने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो ।

कार्यक्रममा बोल्दै उहाँले राजनीतिक परिवर्तनपछि अहिले सत्ता परिवर्तन भएको भन्दै आर्थिक परिवर्तनका लागि पनि दसकौं समय लाग्ने बताउनुभयो । सरकारले उद्योगी व्यवसायीको हितका लागि कानुन संशोधन गर्ने, व्यवसायीमैत्री नीति र कार्यविधि बन्दै गरेकाले ढुक्क भएर लगानी एवम् व्यवसाय गर्न आग्रह गर्नुभयो । उद्योगी व्यवसायीले पनि आफ्नो आचरण सुधार्नुपर्ने भन्दै उहाँले भन्नुभयो,

बाँकी ७ नं. पेजमा

# संघको ६० औं स्थापना दिवस एवं हीरक जयन्ती समारोह सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा माघ १९ गतेका दिन एक विशेष कार्यक्रमको आयोजना गरी संघको ६० औं स्थापना दिवस एवम् हीरक जयन्ती समारोह सम्पन्न गरियो । २०१६ माघ १९ गते व्यापार संघ-नारायणगढको नाममा स्थापित भई उद्योग वाणिज्य संघ-नारायणगढ हुँदै संघ उद्योग वाणिज्य संघ-चितवनसम्म आइपुग्दा आफ्नो स्थापनाका साठी वर्षमा प्रवेश गरेको उपलक्ष्यमा उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

६०औं स्थापना दिवस एवम् हीरक जयन्ती समारोहमा उपस्थित महानुभावहरूलाई स्वागत गर्दै संघका अध्यक्ष राजु श्रेष्ठले संघको स्थापना कालदेखि हालसम्म योगदान पुऱ्याउनु हुने पूर्व अध्यक्षज्यू, पूर्व कार्यसमिति र संघका साधारण सदस्यको समेत सहयोग र सद्भावले नै संघ आज देशको उत्कृष्ट संघको रूपमा स्थापित हुन पुगेको बताउनु भयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संघका अग्रजहरूको मार्गनिर्देशन र सल्लाह सुझाव बमोजिम समयानुकूलका कार्यक्रमको आयोजना गर्दै संघको गरिमालाई अझ उच्च बनाउन वर्तमान

बाँकी ६ नं. पेजमा


(जि.प्र.का.द.नं. ५/०४९/०५० वि.जि.हु.द.नं.६/०४९/०५०

AN ISO 9001:2008 CERTIFIED CHAMBER

प्रकाशक उद्योग वाणिज्य संघ-चितवन, फोन : ०५६-५२०१०८, ५२२१४५, ५२५५१२, फ्याक्स ०५६-५२०१६५

URL: www.ccichitwan.org, E-mail : info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवनको

### लक्ष्य (Mission)

"उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पुऱ्याउने ।"

### परिकल्पना (Vision)

"आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउँदै वृद्धि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिँदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।"

### गुणस्तर नीति (Quality Policy)

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक**
राजेन्द्र ओली
कार्यसमिति सदस्य

**सदस्यहरु**
अशोक अधिकारी, अरुण कुमार बनाल, अमृत जोशी, सन्तोषजनक भुषाल, सञ्जय श्रेष्ठ, रेखा शर्मा, सिद्धार्थलाल चुके (सल्लाहकार), रामशरण शिलवाल (सल्लाहकार)

**सम्पादन**
निल बहादुर के.सी. (निलु)
कार्यक्रम अधिकृत

**ले-आउट/डिजाइन**
प्रकाश कुमाल
९८४६२६१३८८

**मुद्रण**
लमजुङ्ग छापाखाना
प्रेसमार्ग, शहीदचोक, नारायणगढ, चितवन
सम्पर्क नं. : ९८४३१९४५९३

# वस्तुगत संघको पूर्वकार्ययोजना तर्जुमा गोष्ठी सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको वर्ष २०७६/२०७८ को कार्ययोजना तर्जुमा गर्ने सन्दर्भमा संघसँग आवद्ध वस्तुगत संघ बिच २०७६ माघ २७ गतेका दिन आयोजना गरिएको पूर्व कार्ययोजना तर्जुमा गोष्ठी रिभर क्राउन प्लाजा गैंडाकोटमा विभिन्न योजना तय गर्दै सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको कार्यकाल २०७६-२०७८ का लागि कार्ययोजना तर्जुमा गर्नका लागि विभिन्न वस्तुगत संघका कार्यक्रमहरुसमेत समावेश गर्ने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो ।

कार्यक्रममा उपस्थितलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष राजु श्रेष्ठले आगामी २ वर्षमा संघले आयोजना गर्ने विभिन्न कार्यक्रममा वस्तुगत संघका आवश्यकता, माग र समस्यालाई समेत समावेश गराउनका लागि पूर्व कार्ययोजना तर्जुमा गोष्ठी आयोजना गरिएको बताउँदै सम्पूर्ण वस्तुगत संघको सक्रिय सहभागिता र सहयोगको आफूले अपेक्षा गरेको बताउनु भयो । उहाँले संघसँग आवद्ध सदस्यहरूका लागि जुनसुकै कार्यक्रम आयोजना गर्न आफू तयार रहेको समेत जानकारी दिनुभयो । साथै कार्यक्रममा अध्यक्ष श्रेष्ठले संघमा आवद्ध वस्तुगत संघ उद्योग वाणिज्य संघ-चितवनका अभिन्न अङ्ग भएको बताउँदै सम्पूर्ण वस्तुगत संघहरूको प्रवर्द्धन र हित हुने खालका कार्यक्रम तय गरिने बताउनुभयो । कार्यक्रममा संघका उपाध्यक्ष एवं वस्तुगत संघ समन्वय समितिका संयोजक भोजराज कौडालले सम्पूर्ण वस्तुगत संघहरूले पनि आफ्नो योजना तर्जुमा गोष्ठीको आयोजना गरी संस्था सुदृढीकरणका साथसाथै सदस्यहरूको हित हुने खालका कार्यक्रम तय गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरूले आ-आफ्नो वस्तुगत संघका योजना र कार्यक्रमहरू प्रस्तुत गरेका थिए । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष सहनलाल प्रधान, भाँडावर्तन तथा गिफ्ट व्यवसायी संघका अध्यक्ष कृष्ण सुवेदी, संघका द्वितीय उपाध्यक्ष चिरञ्जीवी सुवेदीलगायतले आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो । संघका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षता सम्पन्न उक्त कार्यक्रममा उवासंघ-चितवनका पूर्व अध्यक्ष एवं नेउवामहासंघका कार्यकारीणी समिति सदस्य डा. तिलचन्द्र भट्टराईले प्रमुख स्रोत व्यक्तिको भूमिका निर्वाह गर्नुभएको थियो । यसै गरी संघका कार्यकारी निर्देशक गौरव खतिवडा र कार्यक्रम अधिकृत निलबहादुर केसीले कार्यशालाको सहजीकरण गर्नुभएको थियो । संघको लगत्तै हुने कार्ययोजना तर्जुमा गोष्ठीमा वस्तुगत संघबाट प्राप्त सुझाव र कार्यक्रमलाई समेत समेटेर विस्तृत कार्ययोजना तय गर्नका लागि उक्त पूर्व कार्ययोजना तर्जुमान गोष्ठीको आयोजना गरिएको हो ।



# अन्तर्क्रिया कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०७६ माघ १५ गते एक दिवसीय महिला उद्यमशीलता विकास एवं आर्थिक साक्षरता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चितवन र आर्थिक अभियान राष्ट्रिय दैनिकको संयुक्त आयोजनामा उक्त कार्यक्रम सम्पन्न गरिएको हो । अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री राजु श्रेष्ठले महिला उद्यमशीलता विकास, महिला सशक्तीकरण र महिला उद्यमीद्वारा उत्पादित वस्तु तथा सेवाको प्रवर्द्धनमा कुनै कमी नराख्ने बताउनुभयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले निकट भविष्यमा आयोजना गर्न लागेको योजना तर्जुमा गोष्ठीमा महिला उद्यमीसँग सम्बन्धित कार्यक्रमहरू तय गरिने भएकोले महिला उद्यमीहरूका लागि आवश्यक कार्यक्रम भएमा उद्योग वाणिज्य संघ-चितवनको कार्यक्रम शाखामा सम्पर्क गर्नका लागि अनुरोध गर्नुभयो । उपस्थित प्रमुख अतिथि, अतिथिलगायतलाई स्वागत गर्दै अध्यक्ष श्रेष्ठले महिला सशक्तीकरणका लागि आयआर्जन आवश्यकता पर्ने बताउँदै उद्यमशीलता विकास यसको निर्विकल्प रहेको बताउनुभयो । कार्यक्रममा बोल्दै कार्यक्रममा प्रमुख अतिथि एवं जिल्ला समन्वय समितिका उपप्रमुख मुनाकुमारी श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले आयोजना गर्ने विविध कार्यक्रममा जिल्ला समन्वय समिति चितवनको सदैव सहयोग रहँदै आएको र आगामी दिनमा पनि सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा प्रमुख अतिथि श्रेष्ठले महिलाहरूले उत्पानशीलता र उत्पादकत्व वृद्धिमा जोड दिनुपर्ने औंल्याउनु भयो ।

सोही कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष सहनलाल प्रधानले उद्यमशीलता विकासका लागि महिलाहरू जोखिम वहन गर्न सक्छन् भन्ने कुरालाई प्रमाणित गरिसकेको अवगत गराउँदै अबको उद्यमशीलता अझ बढी परिस्कृत र प्रतिस्पर्धी हुनुपर्ने बताउनुभयो । कार्यक्रममा घरेलु तथा साना उद्योग विकास कार्यालय चितवनका प्रमुख रमेश कुमार कर्माचार्यले महिलाको नाममा व्यवसाय दर्ता गर्दा सरकारबाट गरेका सेवा, सुविधा र छुटका बारेमा प्रष्ट पार्दै उद्योग वाणिज्य संघका गतिविधिमा आफ्नो कार्यालयले विगतका दिनहरूमा झैं सहकार्य गर्ने वचनबद्धता व्यक्त गर्नुभयो । आर्थिक अभियान पत्रिकाको सहकार्यमा भएको उक्त कार्यक्रममा पत्रिकाका वरिष्ठ सहसम्पादक टि.पि. भुसाल र बजार प्रबन्धक बालसिंह पोखेलले सहजीकरण गर्नुभएको थियो । चितवन जिल्लाका विभिन्न स्थानका करिब १०० जना महिला उद्यमीको सहभागिता रहेको उक्त कार्यक्रममा सहभागी महिला उद्यमीहरूले व्यवसाय प्रवर्द्धन, उद्यमशीलता विकास, व्यवसाय दर्ता प्रक्रिया लगायतका विषयमा सवाल गरेका थिए । संघका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षता, कार्यक्रम अधिकृत निलबहादुर केसीको सञ्चालन, महिला उद्यमी, कासस एवं चितवन कोसेली घर सञ्चालक समितिका अध्यक्ष रजनी मास्केको धन्यवाद ज्ञापनमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा स्थानीय बैंक तथा वित्तीय संस्थाका प्रमुख, उवासंघ-चितवनका कार्यसमिति सदस्य, पत्रकार लगायतको उपस्थिति रहेको थियो । सोही कार्यक्रममा दि बिजनेस ऐंजलले प्रदान गर्ने वेष्ट इन्टरप्रिन्युअर अवार्ड २०२० का बारेमा समेत जानकारी गराइएको थियो ।

# संघको पद हस्तान्तरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको २०७६-२०७८ कार्यकालका लागि निर्वाचित नयाँ कार्यसमितिको माघ २ गतेका दिन एक कार्यक्रमका बिच पद हस्तान्तरण एवं सपथ ग्रहण कार्यक्रम सम्पन्न भएको छ । संघको पौष २८ र २९ गते सम्पन्न ५३ औं वार्षिक साधारण सभा एवम् अधिवेशनबाट निर्वाचित कार्यसमितिलाई पद हस्तान्तरण गरिएको हो । संघका कानुनी सल्लाहकार एवं प्रमुख निर्वाचन अधिकृत राजकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नवनिर्वाचित अध्यक्ष राजु श्रेष्ठले निर्वाचनको समयमा आफूले व्यक्त गरेका प्रतिबद्धतालाई पुरा गर्ने बताउँदै निर्वाचनका समयमा प्रतिस्पर्धात्मक भावना रहे पनि निर्वाचन पश्चात सबै साथीहरू एक ढिक्का भई व्यवसायीको हितका कार्य गर्नका लागि कटिबद्ध हुने बताउनुभयो । पद हस्तान्तरण एवम् सपथ ग्रहण कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सहनलाल प्रधान र तत्कालीन कार्यसमितिले नवनिर्वाचित अध्यक्ष राजु श्रेष्ठ र कार्यसमितिलाई स्वागत गर्नुभएको थियो भने तत्कालीन कार्यसमितिलाई बिदाई गरिएको थियो । सोही अवसरमा संघका कार्यकाल २०७५-२०७६ का अध्यक्ष सहनलाल प्रधानले कार्यसमिति र सचिवालयका कर्मचारीलाई प्रशंसा-पत्र प्रदान गर्नुभएको थियो भने प्रमुख निर्वाचन अधिकृत राजकुमारी श्रेष्ठले नवनिर्वाचित कार्यसमितिलाई प्रशंसा-पत्र प्रदान गर्नुका साथै पद तथा गोपनीयताको सपथ ग्रहण गराउनु भएको थियो । कार्यक्रममा संघका पूर्वअध्यक्ष, साधारण सदस्य, पत्रकार लगायतको उल्लेख्य उपस्थिति रहेको थियो ।

# ट्राफिक व्यवस्थापनसम्बन्धी छलफल एवम् अन्तर्क्रिया कार्यक्रम

चितवन जिल्लाको भरतपुर महानगरपालिका अन्तर्गत पुल्चोकदेखि लायन्सचोक, पुल्चोकदेखि पोखरा बसपार्क लगायत भरतपुर महानगरपालिकाका व्यावसायिक स्थान र राजमार्गमा रहेको ट्राफिक समस्या सम्बन्धमा छलफल गर्नका लागि उद्योग वाणिज्य संघ-चितवनमा फागुन १ गतेका दिन आयोजना गरिएको सरोकारवाला बिचको छलफल तथा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । छलफल कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री राजु श्रेष्ठले चितवन जिल्लाको व्यावसायिक केन्द्रको रूपमा रहेका पुल्चोक, मेनरोड, लायन्सचोक र भरतपुर महानगर क्षेत्रका विभिन्न व्यावसायिक स्थलहरूमा भएको पार्किङको समस्या एवम् ट्राफिक समस्याका कारण व्यवसायमा नकारात्मक असर पर्नुका साथसाथै अन्य मानवीय क्षतिमा समेत वृद्धि हुन लागेकोले छलफल कार्यक्रमको आयोजना गरिएको बताउनुभयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले सवारी साधनमा आएको वृद्धि, सर्वसाधारणको बाक्लो चहलपहल हुनुका साथै ट्राफिक व्यवस्थापनका आवश्यक पूर्वाधार नभएको कारण मुख्य बजार क्षेत्रमा समस्या सिर्जना भएको बताउँदै यसको दीर्घकालीन समाधानको लागि सरोकारवालासँग अनुरोध गर्दै यसका लागि निजी क्षेत्रको तर्फबाट सहयोग गर्नका लागि उद्योग वाणिज्य संघ-चितवन तयार रहेको बताउनुभयो । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख दयाकृष्ण भट्टले नारायणगढ क्षेत्र नेपालकै केन्द्रबिन्दुमा रहेको र राजमार्गको लाइफलाइन पर्ने हुनाले यसको समस्या समाधानको लागि सम्पूर्ण सरोकारवाला सक्रिय हुनुपर्ने बताउनुभयो । उहाँले ट्राफिक प्रहरीमा भएको जनशक्तिको अभावले पनि ट्राफिक व्यवस्थापनमा जटिलता आएको बताउनुभयो । छलफल तथा अन्तर्क्रिया कार्यक्रममा आफ्नो धारण राख्दै संघका निवर्तमान अध्यक्ष सहनलाल प्रधानले समस्या समाधानको लागि दीर्घकालीन सोचसहितको भिजन तयार गर्नुपर्ने बताउनुभयो । कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्ष भोजराज कौडाल, कासस अशोक अधिकारी, श्रीगणेश टोल विकास समितिका अध्यक्ष सिद्धार्थलाल चुके, उपाध्यक्ष बालगोपाल चुके, संगमटोल विकास संस्थाका अध्यक्ष रामहरि श्रेष्ठलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । अध्यक्ष श्री राजु श्रेष्ठज्यूको अध्यक्षतामा संघको सचिवालयमा बसेको सरोकारवालाहरूको बैठकले उक्त क्षेत्रमा स्थलगत अवलोकन गरी ट्राफिक समस्या समाधानका लागि आवश्यक अध्ययन गर्नका लागि उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष श्री राजु श्रेष्ठको संयोजकत्वमा सरोकारवाल संघ/संस्था र निकायमा आबद्ध व्यक्तित्व संलग्न एक १३ सदस्यीय अध्ययन समिति गठन गरिएको छ । उद्योग वाणिज्य संघ-चितवन, जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवन, भरतपुर महानगरपालिका, सडक विभाग, विभिन्न टोल विकास संस्थाका प्रतिनिधिमेत रहेको उक्त समितिले यथासक्य छिटो अध्ययन गरी समस्या समाधानार्थ वृहत छलफल गरी कार्य सम्पादन गर्ने उद्योग वाणिज्य संघ-चितवनले जनाएको छ ।




## के तपाईले उद्योग वाणिज्य संघ-चितवनको सदस्यता लिनु भयो?

### सदस्यता लिन के गर्नुपर्छ ?

संघबाट प्रदान गरिने सदस्यता आवेदन फर्म भर्नु पर्दछ, जसमा निम्नलिखित कागजातहरू संलग्न गर्नु पर्नेछ ।

- नेपाल सरकारको उद्योग मन्त्रालय, कम्पनी रजिस्ट्रारको कार्यालय, जिल्ला घरेलु तथा साना उद्योग कार्यालय, वा वाणिज्य विभाग तथा आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको उद्योग /फर्म/कम्पनीको प्रमाण-पत्रको प्रतिलिपि १ प्रति, साथमा नागरिकताको सक्कल ।
- प्रा.लि.को हकमा प्रबन्धपत्र र नियमावली संलग्न गर्नु पर्नेछ ।
- साझेदारी व्यवसायको हकमा साझेदारको आधिकारिक पत्र ।
- प्रोप्राइटरसिप व्यवसायको हकमा सम्बन्धित प्रोप्राइटरको अनुपस्थितिमा निजको प्रतिनिधित्व गर्ने व्यक्तिको नाममा लेखिएको मन्जुरीनामा सहितको अधिकारिक पत्र ।
- हालसालै खिचिएको अटो साइज वा पासपोर्ट साइजको २ प्रति फोटो ।

# उद्योग वाणिज्य संघ चितवनको योजना तर्जुमा गोष्ठी सम्पन्न

## २ वर्षे कार्यकालका लागि कार्यक्रम छनौट



उद्योग वाणिज्य संघ-चितवनको कार्य योजना तर्जुमा गोष्ठी सम्पन्न भएको छ । संघको कार्यकाल २०७६/२०७८ का लागि द्विवर्षिय कार्ययोजना तयार गर्ने उद्देश्यले आयोजित २ दिने कार्यशाला गोष्ठी फागुन १३ गते सम्पन्न भएको हो । चितवनको पटिहानी स्थित कसरा रिसोर्टमा सञ्चालित उक्त गोष्ठीले आगामी २ वर्षका लागि कार्यक्रम तय गरेको हो । गोष्ठीको समापन समारोहलाई सम्बोधन गर्दै संघका अध्यक्ष राजु श्रेष्ठले आफूले निर्वाचनको बेला सदस्यसँग गरेका वाचा पूरा गर्नका लागि सदस्य केन्द्रित कार्यक्रमहरू तय गरी कार्यान्वय गर्नुपर्ने बताउँदै गोष्ठीले निर्देशित गरेका कार्यक्रमहरू कार्यान्वय गर्नमा कुनै कसर नराख्ने बताउनुभयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको सामाजिक, आर्थिक विकासमा सहयोग पुर्‍याउने खालका कार्यक्रम तय गरिएको हुनाले योजनालाई मूर्त रूप दिनका लागि कार्यसमिति, पूर्व अध्यक्ष, संघका साधारण सदस्यलगायत सचिवालयको महत्वपूर्ण भूमिका रहने बताउनुभयो । कार्यक्रममा बोल्दै उहाँले संघका प्राथमिक क्षेत्र रहेका कृषि, स्वास्थ्य, शिक्षा र पर्यटनबाहेक अन्य क्षेत्रहरू औद्योगीकरण, सामाजिक उत्तरदायित्व, महिला उद्यमी लगायतका विषयमा पनि कार्यक्रमहरू सञ्चालन गरिने बताउनुभयो । सोहि कार्यक्रममा संघका पूर्व अध्यक्ष एवं नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रिय कार्यकारिणी समिति सदस्य कल्याण जोशीले बनाइएका योजनाहरूलाई संघको गतिविधिमा पारी क्रियाकलाप नगर्ने हो भने योजना मात्र कागजी स्वरूप हुने बताउँदै उद्योग वाणिज्य संघ-चितवनका कार्यक्रम सञ्चालनमा नेपाल उद्योग वाणिज्य महासंघबाट समेत सक्दो सहयोग जुटाउन आफू प्रयत्नशील रहने बताउनुभयो । गोष्ठीको समापन समारोहमा आफ्नो धारणा व्यक्त गर्दै संघका पूर्व अध्यक्ष मित्रराज दवाडीले संघका योजनाबद्ध गतिविधि भए नभएको जानकारी लिने र मार्गनिर्देशन गर्नका लागि संघमा छुट्टै संयन्त्रको विकास गर्नुपर्ने बताउँदै यसका लागि पूर्व अध्यक्षको पूर्ण सहयोग रहने बताउनुभयो ।

दुई दिनसम्म सञ्चालित गोष्ठीका सहजकर्ता हरिहर सुवेदीले उद्योग वाणिज्य संघ-चितवन देशकै अग्रणी उद्योग वाणिज्य संघ भएकोले यसको क्षेत्र व्यापक भएको बताउँदै संघले चितवनको बृहत्तर विकासमा ध्यान दिनुपर्ने बताउनुभयो । कार्यक्रमले कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सचिवालय सुदृढीकरण तथा सबलीकरण, औद्योगीकरण, संघको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, लगानी प्रवर्द्धन तथा उत्पादन वृद्धि र संघका संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका करिब चार दर्जन कार्यक्रम छनौट गरेको छ । अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम संघका कार्यक्रम अधिकृत भिलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा संघका नवनिर्वाचित कार्यसमिति, पदाधिकारी, पूर्व अध्यक्ष, संघका विशिष्ट सदस्य , सचिवालयका कर्मचारीको सक्रिय सहभागिता रहेको थियो । संघले प्रत्येक २/२ वर्षमा यस किसिमको योजना तर्जुमा गोष्ठी सञ्चालन गर्दै आइरहेको छ ।

---

## प्रकाशन समितिको सूचना

**विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९, को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारद्वारा लागु गरिएको लकडाउनका कारण उद्योग वाणिज्य संघ -चितवनबाट नियमित रुपमा प्रकाशन हुदै आएको उद्योग वाणिज्य सन्देश प्रकाशन गरि आदरणिय सदस्य ज्यूहरुको हातमा पुर्‍याउन असम्भव भएकोले यस अंक उद्योग वाणिज्य संघ-चितवनको वेव साइटमा राखिएको छ ।**

**राजेन्द्र ओली**
**संयोजक**

# संघको ...



कार्यसमिति अहोरात्र लाग्ने बताउनुभयो । उहाँले उद्योग वाणिज्य संघ-चितवन सम्पूर्ण व्यवसायीहरूको प्रतिनिधिमूलक छाता सङ्गठन भएकोले सबैको सहयोग, सहभागिता र सुझावको आफूले अपेक्षा राखेको बताउनुभयो ।

हीरक जयन्ती समारोहको उद्घाटन गर्दै कार्यक्रमका प्रमुख अतिथि एवम् सम्पत्ति संरक्षण कोषका अध्यक्ष के.एल. भुषणले उद्योग वाणिज्य संघ-चितवन नेपालको निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासंघको संस्थापक सदस्य रहेको बताउँदै स्थापना कालदेखि हालसम्मका गतिविधिहरू स्मरण गर्दै संघ सबैको साझा आस्थाको केन्द्रविन्दु भएकोले यसलाई फलाउने फुलाउने कार्यमा आफूले सकेसम्म अझै पनि सक्रिय सहयोग पुऱ्याउने बताउनुभयो । उहाँले संघले विगतमा यस क्षेत्रको सामाजिक, आर्थिक विकासमा पुऱ्याएको योगदानको स्मरण गर्दै संघ कुनै पनि खालको राजनीतिक रंगाट प्रभावित हुन नहुने बताउनुभयो । सोही कार्यक्रममा संघका पूर्व अध्यक्ष महेन्द्रलाल प्रधानले संघ विगतदेखी वर्तमानसम्म विषयमा आफ्नो अनुभव बताउँदै संघ समयसापेक्ष रूपमा परिवर्तित हुनुपर्ने औंल्याउनुभयो । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष सहनलाल प्रधान, पूर्वअध्यक्ष एवम् नेउवामहासंघका केन्द्रीय कार्यकारिणी समिति सदस्य कल्याण जोशी, वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठ, भाँडावर्तन व्यवसायी संघका अध्यक्ष कृष्णप्रसाद सुवेदीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । सोही अवसरमा संघका संस्थापक सदस्यद्वय दानबहादुर श्रेष्ठ र वसन्तलाल चुकेलगायत पूर्व अध्यक्षज्यूहरूलाई सम्मान गरिएको थियो भने संघका स्वर्गीय पूर्वअध्यक्षको तस्विरमा माल्यार्पण गरिएको थियो । हीरक जयन्ती समारोहको अवसरमा संघको साठी वर्षको इतिहासको प्रतिबिम्बको रूपमा रहने हीरक जयन्ती स्तम्भ- २०७६ को अनावरण गरिएको छ । संघका पूर्व अध्यक्ष एवं संघका सम्पत्ति संरक्षणकोषका अध्यक्ष के.एल. भुषणले संघको परिसर नारायणी नदी किनारमा निर्मित उक्त स्तम्भको अनावरण गर्नुभएको हो । यसै गरी संघका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्षलगायतले संयुक्त रूपमा ६० वटा वत्तीमा दीप प्रज्वालन गर्नुभएको थियो । संघका पूर्व अध्यक्ष एवम् सम्पत्ति संरक्षण कोषका अध्यक्ष श्री के.एल. भुषणज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक गौरव खतिवडाले सञ्चालन गर्नुभएको थियो ।

## संघको कार्यसमितिलाई पूर्णता दिइयो

उद्योग वाणिज्य संघ-चितवनको कार्य समितिले पूर्णता पाएको छ । संघको विधान बमोजिम अध्यक्ष राजु श्रेष्ठले कार्यसमिति सदस्य, विशिष्ट सदस्य एवं सल्लाहकारको मनोनयन गरी कार्यसमितिलाई पूर्णता प्रदान गर्नुभएको हो । संघका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा फागुन १० गते बसेको कार्यसमितिको नियमित दोस्रो बैठकले विभिन्न पदमा मनोनयन गरेपछि समितिले पूर्णता पाएको हो । संघको विधान बमोजिम निर्वाचित भएको ३ महिनाभित्रमा अध्यक्षले एक जना महिला सदस्य पर्ने गरी ३ जना सदस्यलाई कार्यसमितिमा मनोनयन गर्न पाउने प्रावधान बमोजिम नारायण प्रधान, शंकर नेपाल र पूर्णिमा श्रेष्ठ मनोनित हुनुभएको हो । साथै संघको ४ क्षेत्रअन्तर्गत विशिष्ट सदस्यमा डा. रेवन्त भट्टराई (कृषि), विश्व सुवेदी (पर्यटन), रामचन्द्र पिया (शिक्षा) र दिलिप पिया (स्वास्थ्य) मनोनित हुनुभएको छ । यसै गरी संघको कानुनी र राजस्व सल्लाहकारमा क्रमश: राजकुमार श्रेष्ठ र रामजीप्रसाद सुवेदी चयन हुनुभएको छ । मनोनयन पश्चात समिति ३५ जनाको भएको छ ।

## कोसेली घर निर्माण हुँदै

उद्योग वाणिज्य संघ-चितवनको परिसरमा चितवन कोसेली घर निर्माण सुरु गरिएको छ । चितवन जिल्लामा लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरूको प्रदर्शनी एवम् बिक्री गर्ने उद्देश्यले उक्त कोसेली घरको निर्माण गर्न लागिएको हो । उद्योग वाणिज्य संघ-चितवन र घरेलु तथा साना उद्योग कार्यालय, चितवनको संयुक्त लगानीमा उक्त कोसेली घर निर्माण गर्न लागिएको हो । उद्योग वाणिज्य संघ-चितवनले गत वर्षदेखि संघको परिसर नजिक भाडामा चितवन कोसेली घर सञ्चालनमा ल्याइरहेको छ । उक्त कोसेली घरबाट हाल महिला उद्यमीद्वारा उत्पादित हस्तकलाका सामान, अर्गानिक खाद्यवस्तु लगायत बिक्री वितरण हुँदै आएको छ । निर्माणाधीन कोसेली घरको सञ्चालनमा आएपछि यस क्षेत्रका लघु, घरेलु तथा साना उद्योग एवम् महिला उद्यमीद्वारा उत्पादित वस्तुको प्रवर्द्धनमा महत्त्वपूर्ण योगदान पुग्ने संघका अध्यक्ष राजु श्रेष्ठले बताउनुभयो । भवनको शिलान्यास उद्योग वाणिज्य संघ-चितवनको हालै सम्पन्न ५३ औं वार्षिक साधारण सभाको अवसरमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय लेखराज भट्टले गर्नुभएको थियो ।

# बैंक ब्याज मिनाहका लागि संघद्वारा विज्ञप्ती जारी

हाल विश्वभर फैलिएको कोरोना भइरस (COVID-19) का कारण नेपालको मात्र नभई विश्वकै अर्थतन्त्रमा यसले नकारात्मक असर पारिरहेको र विश्व स्वास्थ्य सङ्गठन (WHO) ले पनि आपतकालीन स्थितिको घोषणा गरी नेपाललाई अत्यन्त जोखिमपूर्ण राष्ट्रको सूचीमा राखेको अवस्थामा यसको असर उद्योग व्यवसायमा समेत पर्ने देखिएकोले व्यवसायीलाई यसको मार पर्ने हुँदा बैङ्क ब्याज मिनाह गर्नका लागि उद्योग वाणिज्य संघ-चितवनले फागुन ३० गतेका दिन एक प्रेस विज्ञप्ती जारी गरेको छ ।

विश्वभर फैलिँदै गरेको यो महामारीका कारण नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० प्रभावित भई स्थगन गर्नुपर्ने बाध्यात्मक परिस्थितिमा नेपाल रहेको र कोरोना भाइरसको रोकथामका लागि विभिन्न मुलुकहरुले अपनाएका पूर्वसावधानीका कारण आयात निर्यात कार्य लगभग ठप्प जस्तो हुने परिस्थिति सिर्जना भएको वर्तमान अवस्थामा राज्यभित्र सञ्चालनमा रहेको उद्योग व्यवसायसमेत धरासायी बन्न सक्ने भयावह स्थिति हाम्रो सामु देखिन लागेको छ विज्ञप्तीमा भनिएको छ । राज्यले अंगिकार गरेको ऐन, नीति, नियम कानुनलाई आत्मसात गरी व्यवसाय सञ्चालन गर्दै आइरहेका उद्यमी व्यवसायीहरूले उद्योग, कलकारखाना तथा व्यवसाय सञ्चालनार्थ लिएको ऋणको ब्याज तिर्न हालको परिस्थिति अनुकूल नदेखिएको र कच्चा पदार्थ तथा अन्य सामानहरूको आयातसमेत ठप्प भएको कारण व्यवसायी मारमा पर्ने देखिएकोले कोरोना भाइरस प्रभावित समयसम्मका लागि यो समयावधिलाई व्यावसायिक संक्रमणकालको रूपमा घोषणा गर्दै उक्त समयावधिको बैङ्क तथा वित्तीय संस्थाको ब्याज मिनाह गर्ने व्यवस्थाका लागि सम्बन्धित निकायमा उद्योग वाणिज्य संघ-चितवनले माग गरेको हो । संघका अध्यक्ष राजु श्रेष्ठद्वारा हस्ताक्षरित विज्ञप्तीमा विश्वभरि व्याप्त कोरोना भाइरसका प्रभावको रोकथाम गर्नका लागि सरकार (स्थानीय, प्रादेशिक, संघीय)लाई सहयोग गर्न उद्योग वाणिज्य संघ-चितवन सदैव तत्पर रहेको जानकारी गराउँदै दैनिक उपभोग्य सामग्रीहरू सर्वसुलभ रूपमा उपलब्ध गराइदिनु हुन पनि सम्पूर्ण व्यवसायीहरूमा समेत हार्दिक अपिल गर्दै उपभोक्ता वर्गहरूले अभाव हुने आशंकामा आवश्यकताभन्दा बढी खरिद र भण्डारण नगरिदिनु हुनसमेत अनुरोध गरेको छ ।

## उद्योग वाणिज्य संघ-चितवनको सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**NOVEL CORONA VIRUS (COVID-19)**

### कोरोना (COVID-19) भाइरस रोगका मुख्य लक्षणहरु



ज्वरो
(१००.४ ° F भन्दा माथि)



रुघा र खोकी



श्वास प्रश्वासमा
अत्याधिक समस्या

### नोबेल कोरोना भाइरसबाट कसरी आफू र अरुलाई बचाउने ?

- नियमित रुपमा साबुन-पानीले हात धुने
- फ्लु जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने
- मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने
- फ्लु जस्तो लक्षण देखिएमा चिकित्सकसँग परामर्श लिने

उद्योग, व्यवसाय र कलकारखानामा काम गर्ने कर्मचारी एवं श्रमीकहरुलाई यस भाईरसको रोकथामको लागी अत्यावस्यक सामाग्रीहरु जस्तै मास्क, सेनिटाइजर, ग्लोवस र साबुन पानिले हात धुने व्यवस्था गरिदिनुहुनका लागि उद्यमी व्यवसायिहरुमा उद्योग वाणिज्य संघ-चितवन हार्दिक अनुरोध गर्दछ ।

# ५३ औं ...

राज्यबाट तपाईंहरूलाई सधैं सहयोग रहन्छ, तर तपाईंहरूले आफ्नो कमी कमजोरी पनि सुधार्नु पर्दछ ।

सार्वजनिक रुग्ण उद्योगलाई पुनः सञ्चालनका लागि राज्यले ऐन र यसका लागि कार्यदल बनाएर अध्ययन गर्न लागिएको उहाँले बताउनुभयो । चितवनमा निर्माणको प्रक्रियामा रहेको शक्तिखोरको काम पनि अन्तिम टुङ्गो लागेको उहाँले जानकारी दिनुभयो । पछिल्लो समय महिला उद्यमीको सङ्ख्या बढ्दै गइरहेको भन्दै उहाँले सरकारले उत्पादित वस्तुको व्यवस्थापन र बजारीकरणका लागि साल्ट ट्रेडिङ र खाद्य संस्थानमार्फत यसको सहजीकरण गर्न लागिएको बताउनुभयो । मुलुकको आर्थिक विकासका लागि सहरी क्षेत्रमा मात्रै औद्योगीकरण र उत्पादन मात्र नभई देशको सबै भूभागमा समानुपातिक रूपमा आर्थिक गतिविधि हुनुपर्ने उहाँको जोड थियो ।

कार्यक्रममा सभापति एवम् संघका अध्यक्ष सहनलाल प्रधानले संघले २ वर्षको अवधिमा गरेका कार्यप्रगतिका बारेमा प्रकाश पार्दै यस क्षेत्रको सामाजिक, आर्थिक, शैक्षिक एवं पूर्वाधार विकासका लागि प्रमुख अतिथि मार्फत विभिन्न मागहरू राख्नुभएको थियो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै अध्यक्ष प्रधानले चितवनमा औद्योगिक क्षेत्र स्थापना गर्ने सम्बन्धमा भएको ढिलाइप्रति प्रमुख अतिथिको ध्यानाकर्षण गराउनुभएको थियो । यसै गरी नारायणी नदीमा सिग्नेचर ब्रिज, नारायणगढ बजार क्षेत्रमा ओभरहेड ब्रिज, गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाको निर्माण कार्यलाई अगाडि बढाउनका लागि अनुरोध गर्नुभएको थियो । साथै उहाँले चितवन जिल्लाको कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन विकासमा सार्वजनिक निजी साझेदारीको अवधारणा बमोजिम योजनाबद्ध तवरले अगाडि बढ्नका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गर्नुभएको थियो ।

सो अवसरमा बोल्दै उद्योग वाणिज्य महासंघ बागमती प्रदेशका उपाध्यक्ष राजन गौतमले देशमा राजनीतिक रूपमा परिवर्तन भए पनि आर्थिक रूपमा परिवर्तन नभएको जिकिर गर्नुभयो । अझै पनि उद्योगी व्यवसायी त्रासको वातावरणमा रहेको भन्दै लगानीमैत्री, व्यवसायीमैत्री नभएको भन्दै चिन्ता व्यक्त गर्नुभयो । अहिले यस्तो वातावरणमा हामी हाम्रो उद्योग व्यवसाय चलाइरहेका छौं कि तालाचाबी सरकारलाई बुझाएर मुक्ति पाऊँ उहाँले भन्नुभयो । यसका लागि सरकारले व्यवसायीको समस्याको सुनुवाई गर्नुपर्नेमा उहाँको जोड थियो ।

चितवन उद्योग संघका नवनिर्वाचित अध्यक्ष राजु पौडेलले देशमा औद्योगिक वातावरण बनाउन नीतिको परिवर्तन गर्नुपर्ने र कच्चा पदार्थको भन्सार दरमा ३०% अन्तरदर हुनुपर्ने बताउनुभयो । जबसम्म विदेशी वस्तु र कच्चापदार्थको भन्सार अन्तरदर ३०% सम्म कायम हुँदैन, तबसम्म विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न सक्दैन नै उहाँले भन्नुभयो । अहिले पनि उद्योगी व्यवसायी कठिन परिस्थितिमा गुज्रनुपरेको भन्दै पौडेलले उद्योग खोल्ने बित्तिकै बन्द गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । देशमा औद्योगिक एवम् कृषि उत्पादन बढाउन लगानीको अभाव नहुनुपर्ने, उद्योग खोल्न वातावरण तय गर्नुपर्ने र युवा उद्यमीलाई आकर्षित गर्नुपर्ने उहाँको भनाइ थियो । सो अवसरमा




बोल्दै नेपाली कांग्रेसका सभापति जीतनारायण श्रेष्ठले संघको निर्वाचनमा राजनीति हावी हुन नहुने तर्क गर्नुभयो । निर्वाचनको परिणाम स्वीकार्नुपर्ने भन्दै उहाँले मत विभाजन भए पनि मन विभाजन नहुने बताउनुभयो । नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का चितवन अध्यक्ष यमबहादुर परियारले राजनीतिक विचार फरक भए पनि समग्र जिल्लाको विकासका लागि सबै दल एकजुट हुनुपर्ने बताउनु भयो ।

## ३ जना पुरस्कृत

साधारणसभाको समुद्घाटन कार्यक्रमको अवसरमा उत्कृष्ट कर्मचारी पुरस्कार, उत्कृष्ट युवा उद्यमी र आर्थिक पत्रकार पुरस्कारसहित ३ जनालाई नगदसहित सम्मान गरिएको थियो । उत्कृष्ट कर्मचारीतर्फ मरणोपरान्त स्व. डिल्लिराम गौतमलाई प्रदान गरिएको थियो । यसै गरी वाटर इन्टरटेनमेन्ट प्रा.लि.का सञ्चालक रामचन्द्र कँडेललाई युवा उद्यमी पुरस्कार र कान्तिपुर दैनिकका चितवन सम्वाददाता रमेशकुमार पौडेललाई आर्थिक पत्रकारिता पुरस्कार प्रदान गरिएको थियो । संघले हिरालाल सन्तुदेवी युवा उद्यमी कोषको सहकार्यमा यस वर्षदेखी युवा उद्यमी पुरस्कार प्रदान गर्न लागेको हो । साधारणसभाको समुद्घाटन समारोहमा संघका वरिष्ठ उपाध्यक्ष चुननारायण श्रेष्ठले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने कार्यकारी निर्देशक गौरव खतिवडाले कार्यक्रमको सञ्चालन गर्नुभएको थियो ।

## दोस्रो सत्र (बन्द सत्र)

उद्योग वाणिज्य संघ-चितवनको दोस्रो सत्र संघका अध्यक्ष श्री सहनलाल प्रधानज्यूको अध्यक्षतामा संघको सभाहलमा सम्पन्न भएको थियो । संघका अध्यक्ष श्री सहनलाल प्रधानज्यूले साधारणसभामा उपस्थित सदस्यहरूको उपस्थिति बमोजिम गणपूरक संख्या पुगेको घोषणा पश्चात दोस्रो सत्रको सुरु गरिएको थियो । दोस्रो सत्रमा संघका कार्यकारी निर्देशक गौरव खतिवडाबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन माथि छलफल गरी पारित गरिएको थियो । यसै गरी संघका वरिष्ठ उपाध्यक्ष श्री चुननारायण श्रेष्ठज्यूबाट प्रस्तुत प्रस्तावहरू पनि वृहत छलफल पश्चात पारित गरिएको थियो । दोस्रो सत्रमा संघका प्रथम उपाध्यक्ष श्री सुमनकुमार श्रेष्ठज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को आय-व्यय विवरण र आगामी वर्ष २०७६/०७७ को अनुमानित आय-व्यय विवरणसहित अनुमानित कार्यक्रम प्रस्तुत भई वृहत छलफल पश्चात पारित गरिएको थियो । संघका अध्यक्ष सहनलाल प्रधानको अध्यक्षता एवं कार्यक्रम अधिकृत निलबहादुर केसीको सञ्चालनमा सम्पन्न दोस्रो सत्र उद्योग वाणिज्य संघ-चितवनको ५३ औं वार्षिक साधारणसभा मूल तयारी समितिका संयोजक एवं कार्यसमिति सदस्य श्री राजेन्द्र ओलीज्यूले उपस्थित सभासद्‌लाई धन्यवाद ज्ञापन गर्दै सम्पन्न भएको थियो ।

# Chamber Guest House

Under the Management of Chamber of commerce & Industry-Chitwan




Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 520018
– 525512
– 522145

**FACILITIES**

- Located at the bank of Holy Narayani River
- View of Narayani River from all rooms
- Party Venue
- Free internet Access
- Training seminar and Conference Hall accomodating 500 people

"A Home After Your Home"



# डेमो डे सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको परिसरमा गत वर्षदेखि सञ्चालनमा आएको बिजनेस इन्क्युबेसन सेन्टरले माघ २९ गतेका दिन एक समारोहका बिच डेमोडको आयोजना गरेको छ । उद्योग वाणिज्य संघ-चितवन र अन्तरप्रेरणाको संयुक्त तत्वावधानमा सञ्चालित उक्त सेन्टरले कार्यक्रमका आयोजना गरिएको हो । कार्यक्रममा संघका अध्यक्ष राजु श्रेष्ठले उद्योग व्यवसायमा नव प्रवेशीहरूलाई उद्योग स्थापनापूर्व यसको लागत, बजार, बजारीकरण र प्रवर्द्धनका बारेमा ज्ञान दिँदै आवश्यक लागत जुटाउनमा समेत सहयोग पुर्‍याउने उद्देश्यले सेन्टर सञ्चालनमा ल्याएको बताउनुभयो । कार्यक्रममा अध्यक्ष श्रेष्ठले संघले राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि नै आजको आवश्यकता भएको बताउँदै यस किसिमका कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा ८ वटा सम्भावित व्यवसायहरूले आ-आफ्नो फर्म/कम्पनीका बिजनेस प्रोफाइल प्रस्तुतीकरण गरेका थिए । प्रस्तुतीकरण पश्चात केही लगानीकर्ताहरूले लगानीका लागि समेत चासो व्यक्त गरेका थिए ।

## नारायणगढ बजारको मिति २०७६ चैत ९ गतेको बजार भाउ

| विवरण | परिमाण | रकम |
|---|---|---|
| १. धान मसिनो | प्रति क्वि. | ३१०० |
| २. धान बार | प्रति क्वि. | ३५०० |
| ३. धान मोटो सावित्री | प्रति क्वि. | २८०० |
| ४. धान मोटो सोना | प्रति क्वि. | २७०० |
| ५. चामल मसिनो | प्रति के.जी. | ६० |
| ६. चामल बार | प्रति के.जी. | ८० |
| ७. चामल मोटो सावित्री | प्रति के.जी. | ४६ |
| ८. चामल मोटो सोनो | प्रति के.जी. | ४५ |
| ९. मकै | प्रति क्वि. | ३५०० |
| १०. गहुँ | प्रति क्वि. | ३५०० |
| ११. कोदो | प्रति क्वि. | ४६०० |
| १२. फापर | प्रति क्वि. | ४८०० |
| १३. चना | प्रति के.जी. | ९५ |
| १४. केराउ | प्रति के.जी. | ६५ |
| १५. भटमास | प्रति के.जी. | ८० |
| १६. रहर दाल | प्रति के.जी. | १४० |
| १७. मसुरी दाल | प्रति के.जी. | ९५ |
| १८. मासको दाल | प्रति के.जी. | १४० |
| १९. कालो मासको गेडा | प्रति के.जी. | १२० |
| २०. आलु | प्रति के.जी. | २९ |
| २१. प्याज | प्रति के.जी. | ४५ |
| २२. तोरीको तेल | प्रति १० ली. | १५५० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| २३. भटमासको तेल | प्रति ली. | १४० |
| २४. वनस्पति घ्यू | प्रति के.जी. | १४० |
| २५. नुन | प्रति के.जी. | २० |
| २६. जिरा | प्रति के.जी. | ३४० |
| २७. मरिच | प्रति के.जी. | ५५० |
| २८. धनियाँ | प्रति के.जी. | २०० |
| **२९. निर्माण सामग्री** | | |
| **३०. कर्कट पाता** | | |
| क. १९ एम एम | प्रति बण्डल | ४५२५ |
| ख. ३९ एम एम | प्रति बण्डल | ८५०० |
| **३१. छड** | | |
| क. ८ मि.मि. | प्रति क्वि. | ७८.५ |
| ख. १० मि.मि. | प्रति क्वि. | ७५ |
| ग. १२ मि.मि. | प्रति क्वि. | ७५ |
| घ. १६ मि.मि. | प्रति क्वि. | ७५ |
| **३२. सिमेन्ट** | | |
| क. मारुती सिमेन्ट | प्रति बोरा | ७४० |
| ख. निर्माण सिमेन्ट | प्रति बोरा | ६१० |
| ग. रिलायन्स | प्रति बोरा | ६७० |
| **३३. मासुजन्य पदार्थ** | | |
| क. ब्रोइलर कुखुराको तयारी | प्रति के.जी. | २८० |
| ख. ब्रोइलर कुखुराको जीवित | प्रति के.जी. | १७० |

| विवरण | परिमाण | रकम |
|---|---|---|
| ग. स्थानीय कुखुरा जीवित | प्रति के.जी. | ७५० |
| घ. लेयर्स कुखुरा तयारी | प्रति के.जी. | ९०० |
| ङ. खसी बोकाको जीवित | प्रति के.जी. | ५५० |
| च. खसी बोकाको तयारी | प्रति के.जी. | ९०० |
| छ. राँगोको तयारी | प्रति के.जी. | ३८० |
| ज. बंगुरको तयारी | प्रति के.जी. | ३९० |
| झ. माछा खानयोग्य | प्रति के.जी. | ३५० |
| ञ. अण्डा | प्रति क्रेट | २६० |
| **३४. दुग्धजन्य पदार्थ** | | |
| क. दुध | प्रति लि. | ७६ |
| ख. दही | प्रति लि. | ११० |
| ग. पनिर | प्रति के.जी. | ६७५ |
| घ. क्रिम | प्रति लि. | ५०० |
| ङ. बटर | प्रति के.जी. | ९३० |
| च. घ्यू | प्रति के.जी. | १००० |
| **३५. दाना सम्बन्धी** | | |
| क. ब्रोइलर कुखुरा १ नं. | प्रति के.जी. | ७० |
| ख. ब्रोइलर कुखुरा २ नं. | प्रति के.जी. | ७० |
| ग. लेयर्स कुखुरा ३ नं. | प्रति के.जी. | ६५ |
| घ. क्याटल फिड | प्रति के.जी. | ६५ |

**नोट : माथि उल्लेखित बजार भाउ पत्रिका तयार गर्दा लिइने हुँदा पत्रिका प्राप्त हुने मितिमा केही तलमाथि हुन सक्नेछ ।**

### पाठक वर्गमा अनुरोध

यस संघबाट प्रकाशन हुँदै आइरहेको मासिक बुलेटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरूको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**- सम्पादक**

**प्रापक:**

.......................................................................

.......................................................................

.......................................................................

.......................................................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०)